नेपाल सरकार
# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
(बालश्रम निवारण तथा व्यवसायजन्य सुरक्षा शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:- ३.२/०८१/८२
चलानी नं.:- २८

मितिः २०८१/०८/११
ने.सं.११४५ कछलागा, एकादशी, मंगलवार

श्री स्थानीय तह सवै (७५३)
मार्फत श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिँहदरवार, काठमाडौं ।

बिषयः बाल श्रम मुक्त स्थानीय तह घोषणा कार्यक्रम सञ्चालन गर्न अनुदानको लागि पुनः प्रस्ताव माग गरिएको सम्वन्धमा ।

प्रस्तुत विषयमा चालु आ.व.०८१/८१ को स्वीकृत बार्षिक कार्यक्रमको LMBIS no.६.२.२.५ खर्च शिर्षक नं. २६३३२ मा बाल श्रम मुक्त स्थानीय तह घोषणाको लागि सशर्त अनुदान शिर्षकमा १०० (एक सय) वटा स्थानीय तहलाई बाल श्रम मुक्त स्थानीय तह घोषणा गर्ने अभियानको लागि कूल रु २ करोड १० लाख रुपैया विनियोजन भएको छ ।

यस मन्त्रालयको मिति २०८१।६।१३ को निर्णयानुसार बालश्रममुक्त स्थानीय तह घोषणा सम्वन्धी कार्यक्रम संचालनका लागि बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७ को दफा ६ र ७ मा व्यवस्था भए बमोजिम सशर्त अनुदान पठाउनका लागि ईच्छुक पालिकाहरुलाई ६० (साठी) दिनको समयावधि तोकी प्रस्ताव प्रस्ताव पेश गर्न मिति २०८१।६।१३ गते सबै स्थानीय तहहरुलाई अनुरोध गरिएकोमा हालसम्म पर्याप्त आवेदन प्राप्त हुन नआएकोले यस अघि अनुदान प्राप्त नगरेका इच्छुक स्थानीय तहहरुले मिति २०८१ साल पौष १५ गतेसम्म बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७ को अनुसूची १ वमोजिमको घरधुरी सर्भेक्षण सम्पन्न गरेको प्रतिवेदनसहित अनुसूची २ वमोजिमको ढाँचामा प्रस्ताव पेश गर्न यस मन्त्रालयको मिति २०८१/०८/०७ को (सचिवस्तरीय) निर्णयानुसार पुनः सूचना गरिएको व्यहोरा अनुरोध छ ।साथै प्रस्ताव पेश गर्दा यस मन्त्रालयको बाल श्रम निवारण तथा व्यवसायजन्य शाखा वा शाखाको ईमेल ठेगाना **childlabournepal@gmail.com** वा info@moless.gov.np मा आईपुग्ने गरी पठाउनुहुन समेत अनुरोध छ ।

२०८१।८।११
(महेशकृष्ण महर्जन)
शाखा अधिकृत